प्रमाणिकरण गर्ने
नाम: शिवराज रिजाल
पद: अध्यक्ष
प्रमाणिकरण मिति: २०७८।०३।१०

# अनुसूची १

## नौबहिनी गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
बहाने, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

**विषय : आर्थिक वर्ष २०७८।०७९ को वार्षिक बजेट निति तथा कार्यक्रम प्रस्तुत गाउँसभाको कार्यसूची।**

मिति २०७८ असार १० गते

१. माननीय सभा अध्यक्षको आसनग्रहण
२. माननीय सदस्य ज्यूहरु सबैको आसनग्रहण
३.स्वागत : नि.प्रमुख प्रशासकीय अधिकृत – अरबिन्द्र ब्रहमा
४.सभाध्यक्ष ज्यूबाट सभा सञ्चालन सुरुवात
५.मौन धारण
६.राष्ट्रियगान
७.माननीय सदस्य घन बहादुर बुढा मगरबाट आर्थिक वर्ष २०७८।०७९ को लागि प्रस्तावित बजेट नीति तथा कार्यक्रम पेश
८.माननीय सदस्य घन बहादुर बुढा मगरबाट आर्थिक वर्ष २०७८।०७९ को लागि प्रस्तावित बजेट नीति तथा कार्यक्रम माथि छलफल शुरु ......................................................................
९.सभा अध्यक्ष ज्यूबाट आगामि २१ गते सम्मको लागि सभाको स्थगन ।

नौबहिनी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लुङ्, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

प्रमाणिकरण गर्ने
नाम: शिवराज रिजाल
पद: अध्यक्ष
प्रमाणिकरण मिति: २०७८।०३।१०

प्रमाणिकरण गर्ने
नाम: शिवराज रिजाल
पद: अध्यक्ष
प्रमाणिकरण मिति: २०७८/०३/१८

## सभा सञ्चालन

आदरणीय सदस्य ज्यूहरु

नौबहिनी गाउँपालिकाको आ.व.२०७८/०७९ को गाउँसभा सञ्चालनको लागि मलाई अध्यक्षता ग्रहण गर्ने मौका दिनुभएकोमा सर्वप्रथम व्यात्तिगत रुपमा यहाँहरु प्रति आभार प्रकट गर्दछु ।

नेपालको संविधान २०७२ द्वारा निर्दिष्ट क्षेत्राधिकार भित्र रही स्थानीय तहलाई प्राप्त अधिकारको अधिनमा रही हामी यस नौबहिनी गाउँपालिकाको गाउँसभाको वार्षिक बजेट, नीति तथा कार्यक्रममा उपस्थित भएका छौ।

यस अधिवेशनको कार्यसूचि आदरणीय मान्य सदस्य ज्यूहरु समक्ष प्राप्त भइसकेको छ । निर्धारित कार्यसूचि भित्र रही सभा सञ्चालन गरी सफलता पूर्वक सम्पन्न गर्ने विश्वास लिएका छौ ।

सर्वप्रथम नेपाललाई संघीय गणतान्त्रिक राज्य स्थापना गर्न योगदान दिने ज्ञात अज्ञात सहिदहरु प्रति भावपुर्ण श्रद्धान्जली अर्पण गर्नका लागि एक मिनेट आ-आफ्नो स्थानबाट उठी मौनधारण गरिदिनुहुन अनुरोध गर्दछु ।

समय शुरु ..................................................................अन्त्य । धन्यवाद ।

यसपछि मान्य सदस्य ज्यूहरु आ-आफ्नो स्थानबाट उठी राष्ट्रिय गानमा सरिक भईदिनुहुन अनुरोध गर्दछु।

अब गाउँ सभाको कार्यक्रम प्रारम्भ हुन्छ ।

आदरणीय सदस्य ज्यूहरु ,

१. सर्वप्रथम यस गाउँपालिकाको बजेट, नीति तथा कार्यक्रम तर्जुमा समितिका संयोजक ज्यू आदरणीय उपाध्यक्ष श्री घन बहादुर बुढा ज्यूबाट गाउँपालिकाको वार्षिक बजेट नीति तथा कार्यक्रम यस गरिमामय सभामा प्रस्तुत गरिदिनुहुन अनुरोध गर्दछु ।

घन बहादुर बुढा (उपाध्यक्ष)

.........................................................................

१ माननीय सदस्य श्री घन बहादुर बुढा ज्यूले प्रस्तुत गर्नुभएको वार्षिक बजेट, नीति तथा कार्यक्रम माथिको छलफलमा भाग लिन चाहाने मान्य सदस्य ज्यूहरुलाई म पालैपालो नाम बोलाउछु उहाँहरुको समय ५ मिनेटको हुनेछ ।

१............................

२ ..........................

३ ..........................

माननीय सदस्य ज्यूहरु आज यस गरिमामय गाउँसभामा आर्थिक वर्ष २०७८।०७९ को लागि प्रस्तावित बजेट पेश भएको छ कतिपय सदस्य ज्यूहरुले छलफलमा भाग समेत लिनु भएको छ। यस बजेट तथा कार्यक्रममा विभिन्न विषयगत समितिहरुमा रही वडा समितिहरुमा तथा गाउँ कार्यपालिको बैठकमा छलफल गरी पारित गर्नको लागि आगामी असार २१ गते बजेट पारित सभा बस्ने गरी २०७८ साल असार २१ गते दिनको १:०० बजे सम्मको लागि यो गाउँ सभा स्थगित भएको घोषणा गर्दछु । धन्यावाद ।



प्रमाणिकरण गर्ने
शिवराज रिजाल

प्रमाणिकरण गर्ने
नाम: शिवराज रिजाल
पद: अध्यक्ष
प्रमाणिकरण मिति: २०७८।०३।१०

## नौबहिनी गाउँपालिकाको गाउँसभामा प्रस्तुत आर्थिक वर्ष २०७८।०७९ को वार्षिक बजेट,नीति तथा कार्यक्रम

आदारणीय यस गरिमामय गाउ सभाका अध्यक्ष महोदय एवं सभाका सदस्य ज्यूहरु नेपालको संविधान, २०७२ बमोजिम गठित नौबहिनी गाउपालिकाको गाउँ सभामा गाउपालिकाको आर्थिक वर्ष २०७८।०७९ को आय र व्ययको अनुमान यस गरिमामय गाउसभामा प्रस्तुत गर्न पाउदा मलाई खुशी लागेको छ । यस अवसरमा नेपालको संघीय लोकतान्त्रीक गणतन्त्रका लागि नेपाली जनताले गरेको ऐतिहासिक शसस्त्र जनयुद्ध,जनआन्दोलन,मधेश आन्दोलन स्मरण गर्न चाहान्छु । विभिन्न आन्दोलनको क्रममा आफ्नो ज्यानको आहुति दिने सम्पुर्ण महान शहिदशरुप्रति भावपुर्ण श्रदान्जली अर्पण गर्न चाहान्छु। परिवर्तनका लागि साहादत प्राप्त गर्नुहने शहीदहरुको त्याग र बलिदानलाई उच्च सम्मान गर्दछु । २०७४ असार १४ मा सम्पन्न स्थानीय निवार्चनले संविधान कार्यान्वयन, संघीयता, समानुपातिक, समावेशी, धर्मनिरपक्षताको जग बसाउने तथा नागरिक अधिकार, आवश्यकता र अपेक्षाको प्रत्याभुतिका पक्षमा महत्वपुर्ण मार्गनिर्देश गरेको छ । साथै आर्थिक समृद्धी र लोकतान्त्रिक गणतन्त्रको आभास दिलाउने ढोका खुलाएको छ । २०७४ सालको स्थानीय तहको निर्वाचनमा हामीलाई विजयी गराई तिन वर्षको अवधिमा सकारात्मक रायसुझाव दिई साथ दिनुहने सम्पुर्ण राजनितिक दल, बौद्धिक व्यक्तित्वहरु, व्यवसायिक वर्गहरु, सुवेच्छुक जनसमुदायमा, हार्दिक धन्यवाद दिन चाहान्छु साथै यस नौबहिनी गाउपालिकामा कार्यरत भई सार्वजनिक कामकाजमा मुस्कान सहितको सेवा प्रवाह गर्नुहुने सम्पुर्ण राष्ट्रसेवक कर्मचारीहरुप्रति पनि विशेष धन्यवाद दिन चाहान्छु । नौबहिनी गाउपालिकाको विशिष्ट प्राकृतिक भुगोल तथा अपार प्राकृतिक श्रोत जातीय विविधता, गरिवी, वेरोजगारी, कृषि योग्य भुमिको अभाव, सडक, खानेपानि, विद्युत जस्ता आधारभुत सेवाहरुको अभाव समेतलाई मध्यनजर गर्दै गाउपालिकाको वृहत्तर विकासको लागि आवश्यक गुरुयोजनाको अभाव (Lack of Master plan ) श्रोत परिचालनमा सक्षम जनशक्तिको अभाव, अव्यवस्थित वसोवास तथा प्राकृतिक प्रकोप, विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाईरस (कोभिड १९) दोस्रो लहरको रोकथाम तथा नियन्त्रणको लागि नेपाल सरकार तथा जिल्ला जिल्लामा भईरहेको लकडाउनको अवस्थामा दिनप्रतिदिन कोरोना संक्रमित बढ्दै गईरहेको कुरा सबैलाई थाहा भएकै विषय हो । यो महामारी अझै कहिलेसम्म हो कुनै निश्चित नभएको हुदा यस वर्ष कोरोना भाईरस (कोभिड १९) दोस्रो लहर लाई रोकथाम तथा नियन्त्रण र उपचारको कार्यक्रमलाई विशेष जोड दिएको छ । भौगोलिक विकटता एवं जातीय विविधता तथा गरिवी र पछ्यौटेपनलाई आत्मसात गर्दै प्रस्तुत नीति तथा कार्यक्रम तयार गरीएको छ । त्यसैगरी गाउँपालिकाको प्रशासकीय भवन तथा गतवर्षमा ४ वटा वडाहरु (२, ३, ७ र ८) को कार्यालयको भवन निर्माण कार्यमा बजेट विनियोजन गरेता पनि प्राविधि तथा अन्य कारणले काम सञ्चालन तथा सम्पन्न गर्न नसकेको हुदा यस आर्थिक वर्षमा सोही वडाहरुको कार्यालय भवन निर्माण गर्नको लागि बजेट विनियोजन गरिएको छ । गाउँपालिकामा खरका छाना रहेका करिव १५०० घरधुरीमध्ये गत वर्ष पनि खरका छाना विस्थापन गरी टिन लगाउने कार्यक्रम रहेको हुदा यस आर्थिक वर्षमा बाँकी रेहेका खरका छानाहरुलाई टिन लगाई नौबहिनीलाई खरका छाना मुक्त गाउँपालिका बनाउने यस आर्थिक वर्षको बजेट निति तथा कार्यक्रममा राखिएको छ। त्यसैगरी संघीय तथा प्रदेश सरकारसँग साझेदारी कार्यक्रम गर्नको लागि समपुरक कोष तर्फ पनि रकम विनियोजन गरिएको छ । त्यसैगरी जनताहरुको अत्यधिक मागलाई मध्येजर गर्दै पाईप तथा तारजाली खरिद गर्ने कार्यक्रम रहेको छ। निर्वाचित भई आएको चार वर्षको अन्तरालमा हामी पदाधिकारीहरुमा जनताका तत्कालीन समस्या समाधान गर्नुपर्ने एकातिर छदैछ भने अर्कोतिर गाउपालिकाको दीर्घकालीन योजना तर्जुमा गरि कार्यान्वयनमा लैजानुपर्ने आवश्यकता समेतलाई मध्यनजर गरी यो बजेट नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ ।

प्रमाणिकरण गर्ने
नाम: शिवराज रिजाल
पद: अध्यक्ष
प्रमाणिकरण मिति: २०७८।०३।१०

नौबहिनी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

प्रमाणिकरण गर्ने
नाम: शिवराज रिजाल
पद: अध्यक्ष
प्रमाणिकरण मिति: २०७८।०३।१०

**सभाध्यक्ष महोदय,**

अब म आर्थिक वर्ष २०७७।०७८ सम्म आई पुग्दा यस गाउँपालिकाबाट भए गरेका मुख्य मुख्य कार्यहरुको बारेमा उल्लेख गर्न चाहान्छु ।

स्थानीय तहको स्थापना सँगै यस नौबहिनी गाउँपालिकामा हामी जनप्रतिनिधि आइसकेपछि प्रत्यक्ष जन सरोकारका कामको थालनी गरियो।

प्यूठान जिल्लाको उत्तरी भेगमा पर्ने नौबहिनी विकासको दृष्टिकोणले अति पछि परेको थियो। हामी निर्वाचनबाट आइसकेपछि भौतिक पूर्वाधार, शिक्षा, स्वास्थ्य, आयमुलक कृयाकलापलाई अगाडी बढायौं। सानो बाटो गाडी दुर्घटना हुने संभावनाबाट त्रसित नौबहिनी गाउँपालिकाका जनताहरु अब त्यो समस्यामा रहनु परेन। लाप्रावाही बाहेक अब दुर्घटना हुदैन। स्वास्थ्य सेवामा देखिएको समस्या ७ स्थानमा उप स्वास्थ्यचौकी ल्याव सहीतको स्थापना गरेपछि धेरै सुविधा पाएको महशुस गरेका छौ। शिक्षामा गाउँपालिका अनुदानबाट मा वि ८, नि मा वि ९, प्रा वि ३७ र बालविकास ७ जना गरी जम्मा ६१ जना शिक्षक अनुदान दरवन्दी गाउँपालिकाबाट स्थापना गरी विद्यालयको ५० देखि ५५ प्रतिशत समस्या समाधान गरेका छौ। नौबहिनी गाउँपालिकालाई आत्मनिर्भर बनाउने उदेश्यले व्यवसायिक किसान लाई प्रमोट विभिन्न प्रकारका अनुदानका कार्यक्रम गर्दै आएका छौ। गाउँपालिका तथा वडा कार्यालयबाट सञ्चालन हुने कामकाजलाई सहज एवं सुविधायुक्त बनाउनको लागि गाउँपालिकाको प्रशासकीय भवन निर्माण तथा वडा कार्यालय भवनको थालनी गरेका छौ। यहाँ प्राकृतिक शौन्दर्यताले मनहर लुकेका स्थानलाई पर्यटन प्रवर्धन गर्ने उदेश्यका साथ विकासका क्रम अगाडी बढाएका छौ। यहाँ रहेको सबैभन्दा अग्लो हिमाल कोठिभिर, सबैभन्दा शुन्दर र गहिरो कटबराह दह, मात्रे मन्दिर, गुफा, झुलेनी, मालारानी गुफा, ऐतिहासिक त्रिकुटा कैलास जस्ता सौन्धर्य चिजहरु देख्न र देखाउन त्यहाँसम्म पुग्नको लागि सडक सञ्चालको व्यवस्था भएको छ ।

साथै दु:खी गरिवहरुको लागि आर्थिक सहयोग, रोगीहरुको लागि आर्थिक सहयोग, भूमिहिन र घर विहिनलाई जग्गा र घर क्रमस व्यवस्था गर्ने उदेश्यले नौबहिनी नमुना एकिकृत बस्तीको बिस्तार र खरका छाना भएकाहरुलाई खरका छाना विस्थापन गरी जस्तापाता लगाउने जस्ता क्रियाकलापहरु प्रत्यक्ष जनतासँग जोडिएर सञ्चालन गर्न पाउदा वास्तवमा स्थानीय सरकार आएको छ कि भन्न् आवास जनताले गरेको महशुस भएको छ ।

त्यतिमात्र होइन जब स्थानीय सरकार निर्वाचित भएर आए पश्चात कर्मचारी र जनप्रतिनिधिहरु मिलेर अगाडी बढेका छौ। कोरोना भाईरस (कोभिड १९) दोस्रो लहरको रोकथाम तथा नियन्त्रणका लागि नेपाल सरकारले गरेको लकडाउनलाई कार्यान्वयन गरी कोरोना बिरुद्धको अभियानमा सहयोग गरेका छौ । गतवर्षका कमीकमजोरीलाई सुधार गर्दै नयाँ नयाँ तरीकाबाट विकास गर्दै गएका छौ। अब जनताले दु:ख पाउनु नपर्ने वातारण सिर्जना गर्न स्थानीय सरकार लागिरहेको छ । सेवाग्राही पनि आफ्ना सबै समस्या स्थानीय सरकार समक्ष ल्याएर आउने पहुँचमा रहेको हुदा हामी हर्सित भएका छौ।

यस्ता किसिमका काम गर्दा सामान्य समस्या रहनु स्वभाविक हो तर आर्थिक समस्या बाहेक अरु समस्या सहज रुपमा समाधान गरेर अगाडी बढेका छौ। शुसासनका कुरालाई प्राथमिकतामा राख्दै सबै लाई अनुसासित, इमान्दारीता र कर्मठ तवरबाट अगाडी बढाउदै अब आउने योजना वडामा मात्र होईन गाउँपालिका स्तरीय नमुना योग्य योजना बनाउने छौ। सबैलाई महशुस हुनेछ वास्तवमा स्थानीय सरकारले कोरेको रेखामा केन्द्र तथा प्रदेश सरकारले प्रसंसा गर्ने योग्य हुने आसा गरेका छौ। यस अबधि सम्म भएका मुख्य मुख्य उपलब्धिहरुलाई बुदाँगत रुपमा यस प्रकार उल्लेख गर्न चाहान्छु ।

१. नौबहिनी गाउँपालिका वडा नं. ५ गावैमा गरिव घरपरिवारको लागि एकिकृत नमुना बस्ती निर्माण ।

२. बहाने लिघा फाउनेपोखरी कुर्तिवाङ्ग हुदै स्याउलीवाङ्ग जोड्ने मोटरबाटोको पहुँच मार्गको रुपमा विकास भएकोछ।

३. अधुरा योजनाहरुको पुर्णता, दर्जनौ सिचाइ कुलो तथा खानेपानी योजना निमार्ण

प्रमाणिकरण गर्ने
शिवराज रिजाल
२०७८।०३।१०

प्रमाणिकरण गर्ने
नाम: शिवराज रिजाल
पद: अध्यक्ष
प्रमाणिकरण मिति: २०७८।०३।१०

४. गाउँपालिकाको प्रशासकीय भवन तथा वडाहरु २, ३, ७ र ८ को भवन निर्माणको DPR तयार गरी सोही अनुसार भवन निर्माणको काम सुभारम्भ

५. बहाने बजार नाली व्यवस्थापन

६. नौबहिनी गाउँपालिकाका १ नं. वडाको मुल सडक बाहेक सबै वडामा सडक सञ्जालमा पुर्णता

७. कटबराह दह जाने ३४०० मिटर पदमार्ग निर्माण

८. ऐतिहासिक चिजहरुको संरचना र प्रचार प्रचारको लागि मालारानी गुफा, झुलेनि, मात्रे मन्दिर त्रिकुटा धाम लगाएतका योजनाहरुको निर्माण तथा कामको शुभारम्भ

९. किसानहरुको लागि विभिन्न प्रकारका कृषि तथा पशु अनुदानका कार्यक्रम सञ्चालन।साथै किसानहरुलाई प्रोत्साहन गर्ने उदेश्यले पुरष्कारको व्यवस्था।

१०. मुख्य मुख्य मोटरबाटो जस्तै बहाने लिघा हुदै रोल्पा, बहाने लुङ्ग हुदै तुषारा मच्छी र बल्ले मैरामरे हुदै रोल्पा जोड्ने मोटरबाटोको DPR गरी मोटरबाटो निर्माण तथा स्तरउन्नती गरेका छौ ।

११. गाउँपालिकाका सबै वडाका ऐतिहासिक तथा नयाँ विषयबस्तुहरुको प्रचार प्रसार गर्ने र पर्यटन प्रवर्धनमा विकास गर्ने उदेश्यले गाउँपालिकाको village profile निर्माण।

१२. सिर्सेनी क्षेत्रमा ढल निकास र फोप्ली, स्याउलीवाङ्ग र गावैमा नाली निमार्ण।

१३. नौबहिनी पर्यटन पदमार्ग निर्माण

१४. डामृ पाङ्ग रोल्पा जोड्ने मोटरबाटो निर्माण ।

१५. डामृमा सामुदायिक भवन निर्माण ।

१६. खरका छाना विस्थापन गरी जस्तापाता लगाउने गाउँपालिकाको २ वर्षे योजना अनुरुप आर्थिक वर्ष २०७७।०७८ मा ५० प्रतिशत खरका छाना विस्थापन

१७. नौबहिनी क्षेत्रभित्र पर्ने बहाने लगाएत नौबहिनी अन्य बजारक्षेत्रमा सडक बत्ति जडान

१८. गावै लिफ्ट खानेपानि योजना सञ्चालन

१९. बहाने बजार खानेपानी योजना सञ्चालन

२०. बहाने लुङ्ग हुदै तुषारा जोड्ने मोटरबाटो नमुना सडक योजनाको रुपमा काम सञ्चालन

२१ नौबहिनी गाउँपालिका वडा नं ७ र ८ जोड्ने मोटरबाटो निर्माण

२२. मात्रे मन्दिर निर्माण कार्य सञ्चालन

२३ नौबहिनी पर्यटन, त्रिकुटाधाम, नौबहिनी मष्टधाम मन्दिर लगाएतका पर्यटकीय संभावना भएका ठाउँहरुको DPR तयार गरी काम सञ्चालन भएको छ ।

२४ गरिबी, बेसाहारा, दिर्घकालिन रोगी, आगोलागी लगाएतका पिडित मानिसहरुका लागि विभिन्न प्रकारका आर्थिक तथा अन्य राहत सहयोग प्रदान गरिएको छ ।

प्रमाणिकरण गर्ने
नाम: शिवराज रिजाल
२०७८।०३।१०

प्रमाणिकरण गर्ने
नाम: शिवराज रिजाल
पद: अध्यक्ष
प्रमाणिकरण मिति: २०७८।०३।१०

२५ बाढी पहिरोबाट मानवीय तथा भौतिक रुपमा क्षति भएको परिवारलाई आर्थिक तथा घर निर्माणमा राहत सहयोग

२६. प्रधानमन्त्री रोजगार, मुख्यमन्त्री ग्रामीण विकास कार्यक्रम तथा लघु उद्यमी विकास कार्यक्रमबाट विभिन्न प्रकारका विकास उन्मुख कार्यक्रमहरु (सडक मर्मत,अनुदान कार्यक्रम,उद्यमी निर्माण) लगाएतका काम सञ्चालन

२७ बहाने लेख हुँदै दिहाल्नाचौर जोड्ने मोटरबाटो निर्माण ।

२८. बहाने डामृ सिर्प हुँदै रोल्पा जोड्ने मोटरबाटो निर्माण ।

**सभाध्यक्ष महोदय ,**

**अब म**
स्थानीय सरकारको रुपमा यस गाउपालिकाको गरिमामय सभामा प्रस्तुत गरिएको आर्थिक वर्ष २०७८।०७९ को बजेट नीति तथा कार्यक्रमका उद्देश्यहरु प्रस्तुत गर्न चाहान्छु । नीती तथा बजेट र कार्यक्रम तर्जुमा गर्दा नौबहिनी गाउपालिकाको दिगो विकासको लक्ष्य प्राप्त गर्ने गरी नीति तय गरेको छु ।

१. गाउँपालिका लगाएत वडा कार्यालयको प्रशासकीय भवन निर्माण गरी पूर्वाधार निर्माणमा जोड दिने।
२. चालु आ.व.मै आवधिक योजना तयार गरी दिगो विकासको लक्ष्य र उद्देश्य प्राप्ती तर्फ अग्रसर हुनेछ ।
३. गत आर्थिक वर्षमा खरका छाना विस्थापन गरी जस्तापाता लगाउने कार्यक्रममा बाँकी रहेको खरका छानाहरुलाई जस्तापाता लगाउने ।
४. सामाजिक न्याय र समानता कायम गर्ने ।
५. शिक्षा र स्वास्थ्य क्षेत्रको क्षमता विकास गर्ने ।
६. प्रकोप न्यूनीकरण र पुनस्थापना गर्ने ।
७. नौबहिनी गाउँपालिकाको गुरुयोजना तयार गर्दै लगानी गर्ने ।
८. शुसासन प्रवर्द्धन र सेवा प्रवाहमा सरलीकरण गर्ने ।
९. सूचना प्रविधि मैत्रि प्रशासन कायम गरिने छ र सबै वडामा संचारको पहुच बृद्धिका लागि बजेट विनियोजन भएको छ ।
१०. राजस्वको दायरा बढाई आन्तरीक आयलाई नियमित गरिनेछ । चालु आवमै एकिकृत सम्पत्ति कर लागु गरी आन्तरिक राजश्वको बृद्धिमा जोड दिइने छ ।
१०.महिला बालवालिका तथा किशोर किशोरीहरुको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार गर्ने ।
११. पुर्ण सरसफाई तथा आनीबानीमा पुर्ण परिर्वतन गर्ने ।
१२. बालबिवाह न्यूनीकरण, घरेलु हिंसाको अन्तका लागि कार्यक्रम सञ्चालन गरिने छ ।
१३. कोरोना भाईरस (कोभिड १९) को रोकथाम तथा नियन्त्रणका लागि अग्रसर भई बैदेशिक रोजगारीबाट फर्केकालाई स्वरोजगारमुखी कार्यक्रम सञ्चालन गरी बैदेशीक रोजगारीमा जान कार्येलाई न्यूनीकरण गरिने छ साथै यस गाउपालिका भित्र कोभिड संक्रमणबाट मृत्यु भएका नागरिकका लागि राहात कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
१४.जैविक विविधता तथा जडीबुटीहरुको पहिचान गरी उत्पादन तथा प्रशोधनमा प्राथमिकता दिइनेछ ।
१५. बन जंगल संरक्षण तथा प्रवद्धत गरिनेछ ।
१६. स्वच्छ पिउने पानीको व्यवस्था गरिनेछ ।
१७. खेलकुद क्षेत्रको विकासका लागि विविध कार्यक्रम सञ्चालन गरिने छ ।
१८. गरिवी न्यूनिकरण र रोजगारी सृजना गर्ने ।
१९. स्वच्छ खानेपानीको पहुँचमा बृद्धि गर्नका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

प्रमाणिकरण गर्ने
नाम: शिवराज रिजाल
२०७८।०३।१०

प्रमाणिकरण गर्ने
नाम:शिवराज रिजाल
पद:अध्यक्ष
प्रमाणिकरण मिति: २०८०।०३।१०

**सभाध्यक्ष महोदय,**

**प्रस्तुत बजेट तथा कार्यक्रम तर्जुमा गर्दा निम्न नीति तथा आधारहरुलाई आत्मासात गरिएको छ ।**

- नेपालको संविधान,२०७२ को अनुसूची ८ र ९ मा उल्लेखित स्थानीय तहको एकल तथा साझा अधिकारको सूची ,
- नेपालको संविधानमा उल्लेखित मौलिक हकहरु,
- नेपालको संविधान भाग ४ अन्तर्गतका राज्यका आर्थिक, सामाजिक विकास, प्राकृतिक श्रोतको उपयोग, वातावरण संरक्षण सम्बन्धी नीतिहरु, धारा ५९ को आर्थिक अधिकार र भाग १९ को आर्थिक कार्य प्रणाली।
- नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीयतहको कार्य विस्तृतिकरणको प्रतिवेदन,
- संघीय सरकारले अंगिकार गरेको आवधिक योजनाले लिएका नीति तथा प्राथमिकताहरु,
- संघीय सरकारले अवलम्बन गरेका आर्थिक तथा वित्तीय नीतिहरु,
- नेपालले अन्तराष्टिय जगतमा जनाएका प्रतिबध्दताहरु,
- स्थानीय शासन सञ्चालन संबन्धी कानून ,आदेश, नियमावली ,प्रावधानहरु ।
- स्थानीय तहका संवन्धमा भएका अध्ययन प्रतिवेदनहरु
- विकासका समसामयिक मुद्दाहरु जस्तै सामाजिक संरक्षण ,दिगोविकास, जलवायु परिवर्तन र विपद् व्यवस्थापन, खाद्य तथा पोषण सुरक्षा, लैङ्गिक सशक्तिकरण तथा समावेशीविकास ,बालमैत्री स्थानीयशासन, वातावरण मैत्री स्थानीय शासन, पूर्णसरसफाई एवं उर्जासंकट लगायतका अन्तर सम्बन्धित विषयहरु,
- नेपाल सरकारका विषयगत एवं क्षेत्रगत नीतिहरु,
- समुदाय, टोल, वस्तीस्तरमा भएका छलफल नागरिकस्तर बाट उठान भएका आवश्यकता एवं अपेक्षा तथा वडा समितिका सिफारिस ।

**अब म प्रस्तुत बजेट तथा कार्यक्रम मार्फत गाउँकार्यपालिकाले कार्यान्वयनमा ल्याउन खोजेको नीतिगत व्यवस्थाका बारेमा उल्लेख गर्न चाहान्छु ।**

**क) पूर्वाधार विकास :**

- **सडक, खरको छानामा टिन लगाउने, तथा भवन निर्माणमा जोड दिइने छ पूर्वाधार निर्माण तर्फ कुल पूँजीगत बजेटको अधिकतम रकम विनियोजिन गरिएको छ ।**
- **गाउँपालिकाको गुरुयोजना तयार गरी सोही बमोजिम पूर्वाधार निर्माणको क्षेत्रमा वार्षिक रुपमा रकम विनियोजिन गर्ने नीति लिइने छ ।**
- **अत्याआवश्यक स्थानहरुमा नयाँ सडक शुरु गर्ने कार्यक्रम समाबेश गरिने छ त्यस्ता क्षेत्रहरुमा जनशक्ति परिचालनमा जोड दिईने छ ।**
- **गाउँपालिकाको प्रशासकीय भवन तथा ४ वटा वडा कार्यालयको भवन निर्माण गरिनेछ**

...रण गर्ने
... रिजाल
...।१०

प्रमाणिकरण गर्ने
नाम: शिवराज रिजाल
पद: अध्यक्ष
प्रमाणिकरण मिति: २०८०।०३।१०

**ख) शिक्षा र स्वास्थ्य**

- सामुदायिक विद्यालयहरुको भवन, फिल्ड निर्माणको लागि आवश्यक रकम विनियोजन गरिनेछ ।
- गाउपालिकाको विभिन्न विद्यालयहरुलाई नमुना विद्यालयको विकास गरी शैक्षिक गुणस्तर प्रवर्द्धन गर्न एक-एक वटा विद्यालय छनौट गरी पूर्वाधार निर्माण,पूस्तकालय,कम्प्यूटर शिक्षक तालिम सहित सबै व्यवस्था गरिने छ ।
- शैक्षिक गुणस्तर बृद्धिको लागि गाउपालिका स्तरमा दरबन्दी मिलान गरी विद्यार्थी अनुपातको आधारमा शिक्षण अनुदान को व्यवस्था गरिनेछ ।
- शसर्त रुपमा प्राप्त अनुदानमा उल्लेखित कार्यक्रमको अतिरिक्त शिक्षा र स्वास्थ्यसंग सम्बन्धीत अन्य कार्यक्रमहरुमा आवश्यक रकम विनियोजन गरिनेछ ।
- स्वास्थ्य क्षेत्रमा निशुल्क औषधी वितरण,विभिन्न प्रयोगशाला निर्माण,बर्थिङ सेण्टर निर्माण लगायतमा आवश्यक रकम विनियोजन गरिनेछ ।

**ग) कृषि तथा पशुपंक्षी विकास**

- शसर्त अनुदानबाट प्राप्त रकमको अतिरिक्त कृषि तथा पशु विकासको लागि सिंचाई व्यवसायिक कृषि तथा पशु फर्म विकास लगायतमा आवश्यक रकम विनियोजन गरिनेछ ।
- प्रत्येक वडाबाट नमुना कृषक छनौट गरी व्यवसायीक खेती र पशु पालनको लागि नमूना कृषक फर्म विकास गर्न अनुदानको व्यवस्था गरिने छ ।
- किसान सगँ गाउँ सरकार कार्यक्रम मार्फत सक्षम किसानहरुको लागि अनुदान तथा प्राविधिक सहयोगको व्यवस्था गरिने छ ।

**घ) खानेपानी तथा सिंचाई**

- शसर्त अनुदानका अतिरित्त साना सिंचाई तथा अन्य खानेपानी व्यवस्थापनको लागि आवश्यक रकम विनियोजन गरिनेछ ।
- यस गाउँपालिकाको सम्पुर्ण वडा तथा वस्तीहरुमा सुरुक्षित खानेपानीको व्यवस्था गरिने छ । गाउँपालिकाको केन्द्र रहेको बहाने बजार क्षत्रमा दिगो खानेपानी निर्माणको लागि बृहत खानेपानी आयोजना सञ्चालन गरिने छ ।

**ङ) युवा तथा खेलकुद**

- विभिन्न स्थानहरुमा खेलकुद मैदान ,रंगशाला निर्माण गर्न आवश्यक रकम विनियोजन गरिनेछ ।
- युवालाई रोजगारी सृजना गर्न जडीबुटी तरकारी पशु सम्बन्धी फर्म विकास गर्न तालिम तथा अनुदानको व्यवस्था गरिनेछ ।

**च) पर्यटन प्रवर्द्धन**

पर्यटन स्थलहरुको पहिचान गरिने छ । नौबहिनी मन्दिर, मात्रे मन्दिर, कटबराह ताल लगायत अन्य पर्यटकीय स्थलहरुमा पदमार्ग सञ्चालन गर्न रकम विनियोजन गरिनेछ । पर्यटकीय स्थलहरुको प्रचार प्रसारमा जोड दिईनेछ । पर्यटन विकासको लागि आवश्यक रकम विनियोजिन गरिनेछ ।

प्रमाणिकरण गर्ने
नाम: शिवराज रिजाल
पद: अध्यक्ष

### छ) जलविद्युत तथा उर्जा

जलविद्युतको प्रचुर सम्भावना भएको यस गाउपालिकामा साना जलविद्युत कुनै साझेदारी व्याक्ति, संस्था,सम्बन्धित निकाय खोजी गाउँपालिकाको समेत शेयर रहने गरी साझेदारी वा गाउँपालिकाको आफ्नै निजी लगानीमा उत्पादनको सम्भावना अध्ययन गरि आगामी ४ वर्ष भित्र विद्युत उत्पादन गरि विक्रि गरिने छ साथै पछिडिएका बस्तीहरुमा सौर्यवत्ति जडान गरिनेछ र मुख्य सडकहरुमा सडकबत्ती जडान गर्ने कार्यको थालनी गरिने छ । जसको लागि आवश्यक रकम यसै आ.व. मा विनियोजन गरिनेछ ।
नदीहरुमा माहाजाल प्रयोग गर्न, विष छर्न तथा करेन्ट लगाई माछा मार्न नपाईने व्यवस्थालाई कडाईका साथ लागु गरिने छ ।

### ज) सूचना प्रविधि सेवा प्रवाह र सुशासन

- प्रत्येक वडा कार्यालयहरुबाट कम्प्यूटरीकृत सेवा प्रवाह गरिनेछ । सबै वडा कार्यालयहरुमा इन्टरनेट जडान गरिनेछ । कर्मचारीहरुलाई सूचना प्रविधि सम्बन्धी तालिमको व्यवस्था गरी दक्ष बनाइने छ ।
- कर्मचारीलाई उच्च मनोबलका साथ काम गर्न प्रोत्साहनको व्यवस्था गरिनेछ ।
- यसै आ.व. भित्र E-Billing मार्फत सेवा प्रवाहको व्यवस्थाका लागि एकिकृत सम्पत्ति कर लागु गरिनेछ ।
- कार्यालयको Website र Mobile App मार्फत गाउँपालिकाको निती,नियम कार्यक्रम एवं भएका सम्पूर्ण आय-व्यय विवरण Website र Mobile App मार्फत सार्वजनिक गर्ने व्यवस्था मिलाइने छ ।
- E-Billing प्रणाली शुरुगरी जुनसुकै सेवा ग्राही करदाताले आफूलाई पायक पर्ने वडा कार्यालयबाट विल काट्न सक्ने व्यवस्था गरिनेछ ।
- गाउँपालिकाको सबै गतिविधिको जानकारी गराउन सूचना अधिकारी र प्रवक्ताको व्यवस्था गरिएको छ । बृद्ध भत्ता वितरणलाई सहज बनाउन MIS प्रणालीको अवलम्वन गरिनेछ ।
- उपभोक्ता समितिहरुबाट सञ्चालन हुने काममा अनिवार्य रुपमा १० प्रतिशत जनसहभागीताको सुनिश्चित गरी योजनामा अपनत्व भावनाको विकास गरिनेछ । जुन उपभोक्ता समितिबाट आयोजना सम्पन्न भएको हो सोही उपभोक्ता समितिहरु मार्फत उक्त आयोजनाको दीर्घकाल सम्म मर्मत संभार र संरक्षण गर्ने जिम्मा दिइने छ । सडक खानेपानी तथा अन्य आयोजनाहरु मर्मत सम्भार गर्नको लागि गाउपालिकामा मर्मत सम्भार कोषको व्यवस्था गरिने छ ।
- विनीयोजित रकमबाट सम्झौतामा उल्लेखित भएको समयमा काम गर्न नसक्ने उपभोक्ता समितिहरुलाई कारवाही गरिनेछ । अनुगमन समितिको सिफारिसमा उक्त उपभोक्ता समिति भङ्ग गरी अर्को उपभोक्ता समितिबाट बाँकी काम सम्पन्न गरिनेछ । पूँजीगत खर्च गर्न नसक्ने वडा कार्यालयहरुलाई जति रकम खर्च हुन बाँकी रहेको हो त्यती नै रकम अर्को आ.व. मा कटौती गरिने छ । र कटौति भएको रकम दामासाहीले खर्च गर्न सक्ने वडालाई थप अनुदानको रुपमा उपलब्ध गराइने छ ।

### झ) उद्योग तथा खानी

- ठुला तथा साना तथा घरेलु उद्योगलाई प्रवर्द्धन गरी रोजगारी सृजना गर्न सक्ने व्याक्तिगत वा सामुहिक उद्योगहरुलाई उद्योग सञ्चालन सम्वन्धी तालिम तथा अनुदान सहयोग उपलब्ध गराइनेछ।
- खानी रहेको ठाउँमा खानीहरु सञ्चालन गरिने छ ।
- कम्तिमा ४ जना सम्म निम्न आर्थिक अवस्था भएका एवं एकल महिलालाई प्रत्यक्ष रोजगारी दिने घरेलु उद्योगलाई रोजगारीमा संलग्न महिलालाई दिइएको तलबको २५ प्रतिशत रकम उद्योगलाई अनुदान दिइनेछ ।
- गाउ पालिकामा सम्भावित खानीहरुको सर्वेक्षण गरी आगामी आ.व. देखि खानी उत्खनन् गर्ने स्थलसम्म

प्रमाणिकरण गर्ने
नाम: शिवराज रिजाल
पद: अध्यक्ष
मिति: २०७८।०३।१०

- ढुंगा,गिट्टी,बालुवा तथा खनिज लगायतको प्रशोधन तथा उत्खनन् कार्यलाई व्यवस्थित बनाई उक्त कार्यबाट गाउपालिकाको आय आर्जन बढाउने र रोजगारी सृजनामा उपयोग गरिनेछ ।

**ञ) वातावरण संरक्षण एवं फोहरमैला व्यवस्थापन**

- खाली रहेको वन क्षेत्रमा वन कार्यालयसंग समन्वय गरी उपयोगी विरुवाहरुको वृक्षारोपण गरिनेछ । वनसंग समन्वय गरी जडीबुटी लगायत नगदेबाली उत्पादन गर्न बनको संरक्षण गर्दै त्यस्तो वनक्षेत्र उपभोग गरिनेछ ।
- गाँउपालिकाको विभिन्न बजार इलाकाहरुमा उत्पादन हुने फोहोरलाई उचित किसिमले व्यवस्थापन गर्न ल्याण्डफिल्ड साइड निर्माणका साथै नष्ट हुने वस्तुबाट जैविक मलको रुपमा उत्पादन गरिनेछ ।
- नदी कटान नियन्त्रण गर्न नदी किनारहरुमा बाँस लगायत उपयोगी विरुवाहरु लगाउने,जोखिममा रहेका बस्तीहरुलाई पहिरो नियन्त्रण गर्न आवश्यक तारजालीको व्यवस्था गरिने छ ।
- बन्य जन्तु चोरी निकासीलाई निषेध गरिने निती कडाईका साथ अवलम्बन गरिने छ ।

**ट) प्रकोप व्यवस्थापन**

- बाढी पहिरोबाट जोखिममा रहेका क्षेत्रहरुको पहिचान गरिने छ,त्यस्तो स्थानमा रहेका बस्ती हरुलाई पुनस्थापना गर्ने योजना निर्माण गरिने छ ।
- प्रकोप प्रतिकार्य योजना निर्माण गरी कार्यान्वयन गरिनेछ । प्रकोपमा क्षति व्यहोर्ने घर परिवारलाई राहत उपलब्ध गराउन मापदण्ड तयार गरिने छ । सोही मापदण्डको आधारमा सहयोग उपलब्ध गराउने व्यवस्था मिलाइने छ ।
- बाढी पहिरो नियन्त्रण गर्न वृक्षारोपण लगायतका कार्यलाई व्यवस्थित बनाइने छ ।
- गाउपालिका क्षेत्रभित्र आउन सक्ने प्रकोपहरुको पहिचान गरी प्रकोप पूर्व तयारी प्रतिकार्य योजना तयारी गरिनेछ ।
- प्रकोप व्यवस्थापनको लागि छुट्टै समिति गठन गरि दैविक प्रकोप कोषमा आवश्यक रकम विनियोजन गरिनेछ।

**ठ) समावेशीकरण र सामाजिक न्याय**

- समाजमा पछाडि परेका दलित,जनजाति,अपाङ्ग,बृद्ध,महिला लगायत वर्गहरुलाई विकासको मूल प्रवाहमा ल्याउन लक्षित कार्यक्रम सञ्चालन गरिनेछ । यसरी सञ्चालन गरिने कार्यक्रमको लागि आवश्यक रकम विनियोजन गरिएको छ ।
- लक्षित वर्गहरुलाई सञ्चालन गरिएका कार्यक्रमहरु उपलब्धी मूलक, सीपमूलक, रोजगार मूलक बनाइने छ ।

**सभा अध्यक्ष महोदय,**

अब म आर्थिक वर्ष २०७८।०७९ को प्रस्तावित बजेट संक्षेपमा प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

यस आ.व. मा राजश्व परामर्श समिति र श्रोत अनुमान तथा बजेट निर्धारण समितिको सिफारिसका आधारमा कुल ६८ करोड ९ लाख ८५ हजार ६ सय ७५ रुपैयाको प्रस्तावित बजेट प्रस्तुत गर्दछु ।

**यस आ.व.मा हुन आयको विवरण यसप्रकार प्रस्तुत गर्दछु**

१) संघीय सरकारबाट प्राप्त

- राजस्व वाडफाड तर्फ ९ करोड ४७ लाख २८ हजार
- वित्तिय समानीकरण तर्फ रु १० करोड ८० लाख

प्रमाणिकरण गर्ने
शिवराज रि
२०७८।०३।१०

प्रमाणिकरण गर्ने
नाम: शिवराज रिजाल
पद: अध्यक्ष
प्रमाणिकरण मिति: २०७८।०३।१०

- शर्शत अनुदान तर्फ रु २३ करोड २८ लाख
- विशेष अनुदान तर्फ रु १ करोड ६६ लाख
- समपुरक अनुदान तर्फ ८४ लाख

  **जम्मा ४६ करोड ५ लाख २८ हजार**

२) प्रदेश सरकारबाट प्राप्त

- बित्तिय समानीकरण अनुदान तर्फ रु ५० लाख ७२ हजार
- शर्शत अनुदान विभिन्न कार्यक्रम तर्फ ८५ लाख ४४ हजार
- राजश्व वाडफाड सवारी साधन कर समेत रु ६६ लाख ४१ हजार ६ सय ७५
- विशेष अनुदान तर्फ ६० लाख
- प्रदेश समपुरक अनुदान १ करोड ५० लाख

  **जम्मा ५ करोड ५२ लाख ५७ हजार ६ सय ७५**

३) गाउँपालिका

- गाउँपालिकाको २०७७।०७८ अल्या अनुमानित रु ४ करोड
- आन्तरिक आय अनुमानित रु २ करोड ५२ लाख

  **जम्मा ६ करोड ५२ लाख**

४) सामाजिक सुरक्षा भत्ता तर्फ

- १० करोड

**जम्मा ६८ करोड ९ लाख ८५ हजार ६ सय ७५**

**यस आ.व.मा हुने व्ययको प्रस्तावित विवरण यस प्रकार प्रस्तुत गर्न चाहान्छु ।**
चालु तर्फको खर्च : संघीय सरकार र प्रदेश सरकारको राजश्व बाडफाडबाट प्राप्त रकमबाट रु १० करोड १३ लाख ४१ हजार विनियोजन गरी अनुसुची ३ को फाराम भरी पेश गर्दछु ।

शर्शत अनुदान तर्फको खर्च जुन जुन शिर्षकमा प्राप्त भएको हो सोही शिर्षकमा मात्र खर्च गरिने छ । यसरी खर्च गर्दा संघीय सरकारबाट प्राप्त शर्शत अनुदान र प्रदेश सरकारबाट प्राप्त शर्शत अनुदान गरी जम्मा रु २४ करोड १३ लाख ४४ हजार विनियोजन गरिएको छ ।
विषेश अनुदान तर्फको संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त रकम रु २ करोड २६ लाख र समपुरक अनुदान तर्फ संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त रकम २ करोड ३४ लाख गरी जम्मा ४ करोड ६० लाख जुन जुन शिर्षकमा प्राप्त भएको छ सोही शिर्षकमा मात्र कार्यविधिले तोकिए बमोजिम खर्च गरिने छ ।
सामाजिक सुरक्षा भत्ता तर्फ १० करोड कार्यविधिले तोकिए बमोजिम वितरण गरिनेछ ।
प्रत्येक वडामा पुजीगत प्रकृतिका विकास निर्माण खर्च गर्नको लागि रु २ करोड विनियोजन गरिएको छ । वडा कार्यालयबाट योजना तर्जूमा गर्दा वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा दिग्दर्शन अनुसारको अधिनमा रही बजेट

प्रमाणिकरण गर्ने
नाम:शिवराज रिजाल
पद: अध्यक्ष
प्रमाणिकरण मिति २०७८/०३/१०

विनियोजन गर्ने व्यवस्था गरिएको छ । योजनाको छनौट गर्दा वस्ती स्तरीय आम भेलाको निर्णय, वडा समितिको निर्णय, विषयगत समितिको निर्णय, कार्यपालिकाको निर्णयका आधारमा गरिनेछ ।

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाईरस (कोभिड १९) रोकथाम तथा नियन्त्रण र उपचारको लागि यथेस्ट बजेटको व्यवस्था रहेको छ । साथै कोभिड १९ बाट मृत्यु भएको परिवारलाई किरिया खर्च जनही २५ हजारका दरले दिनको लागि बजेटको व्यवस्था गरिएको छ । नागरिकहरुको स्वास्थ्य उपचार, नागरिकहरुलाई राहत वितरण, कोभिडबाट प्रभावित नागरिकहरुलाई उद्धार र व्यवस्थापन गर्न तथा अन्य महामारीजन्य रोगहरुको रोकथाम तथा प्रतिकार्यको लागि बजेटको व्यवस्थापन गरिएको छ ।

बाँकी रहेको रकम विषयगत समितिको निर्णय तथा कार्यपालिकाको सिफारिस सहित नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त मार्ग निर्देशन, स्थानीय आर्थिक अवस्था, समेतको आधारमा योजना तथा कार्यक्रमको प्राथमिकता निर्धारण गरी बजेट विनियोजन गरिनेछ । त्यसैगरी प्रदेश तथा केन्द्रीय स्तरबाट तथा अन्य सहयोगी निकायबाट समेतको साझेदारीमा यस गाउँपालिका भित्र योजना सञ्चालन गर्नको लागि समपुरक कोषबाट साझेदारी हुने गरी उक्त कोषको निमार्ण तथा परिचालनको गरिने छ ।

**आदरणीय अध्यक्ष महोदय,**

अब म माथि उल्लेखित क्षेत्रहरुमा विनियोजन गरिएको बजेट तथा योजनाहरु बाहेक गाउँपालिका स्तरबाट विनियोजन गरिएका कार्यक्रम तथा बजेटहरु प्रस्तुत गर्ने अनुमति चाहान्छु । गाउँपालकिा कार्यालयको प्रशासकीय भवन निर्माण ४ करोड, खानेपानी तर्फ १ करोड, वडा कार्यालय भवन निर्माण (२, ३, ७ र ८) तर्फ २ करोड, कोरोना भाईरस (कोभिड १९) तथा अन्य महामारीजन्य रोगहरुको रोकथाम तथा नियन्त्रण र उपचार प्रकोप व्यवस्थापन कोष तर्फ रु ५० लाख, शिक्षा तर्फ २ करोड ५० लाख, स्वास्थ्य तर्फ १ करोड १० लाख ७२ हजार कृषक सगँ गाउँसरकार कार्यक्रम तर्फ ५० लाख, कृषि तर्फ १० लाख, पशु सेवा तर्फ १० लाख, समपुरक कोष तर्फ २ करोड २५ लाख, आर्युवेद तर्फ ५ लाख, मर्मत सम्भार तर्फ ४५ लाख, सामाजिक विकास शाखा अन्तरगत विविन्न लक्षित कार्यक्रम तर्फ रु ६५ लाख, गाउँपालीका राहत कोष ५० लाख, प्रधानमन्त्री रोगजगार कार्यक्रममा औजार खरिद १० लाख, न्यायीक समितिका विभिन्न कार्यक्रम तर्फ २ लाख गरी जम्मा रु १७ करोड ८२ लाख ७२ हजारको पुजीगत बजेट पेश गरिएको छ ।

**आदरणीय अध्यक्ष महोदय,**

प्रस्तुत नीति तथा कार्यक्रम तयार गर्न सहयोग गर्नुहुने समितिका सदस्य ज्यूहरु आदरणीय कार्यपालिकाका अध्यक्ष ज्यू, वडा अध्यक्ष एवं सदस्य ज्यूहरु प्रमुख प्रशासकीय अधिकृतज्यू तथा अन्य कर्मचारी साथीहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दै प्रस्तुत बजेट नीति तथा कार्यक्रम लागु भई नौबहिनी गाउँपालिकाको उन्नति प्रगति हुने अपेक्षा गरेको छु ।

**हाम्रो नौबहिनी ।।। राम्रो नौबहिनी ।।। जय नौबहिनी ।।।**

# धन्यवाद।

घन बहादुर बुढा मगर
उपाध्यक्ष
नौबहिनी गाउँपालिका
लुङ्ग बहाने प्यूठान

नौबहिनी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लुङ्ग, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

प्रमाणिकरण गर्ने
नाम: शिवराज रिजाल
पद: अध्यक्ष
प्रमाणिकरण मिति: २०७८।०३।१०

**निर्णय नं. १ : नौबहिनी गाउँपालिका उपाध्यक्ष एवं गाउँसभा माननीय सदस्य श्री घन बहादुर बुढामगरले नौबहिनी गाउँपालिकाको गाउँसभामा प्रस्तुत आर्थिक वर्ष २०७८।०७९ को वार्षिक बजेट निति तथा कार्यक्रम सर्वसम्मत पारित गर्ने निर्णय गरियो ।**

नौबहिनी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लुङ्, प्युठान
लुम्बिनी प्रदेश, नेपाल

प्रमाणिकरण गर्ने
नाम: शिवराज रिजाल
पद: अध्यक्ष
प्रमाणिकरण मिति: २०७८।०३।१०